## जबर्जस्ती निष्कासनसम्बन्धी घटनाहरूको नागरिक संस्थाहरूको संयुक्त अनुगमनको प्रारम्भिक निचोड

> *"सँधैजस्तै त्यो दिन पनि बिहानै स्कूल गएँ। स्कूलबाट घर आउँदा त हाम्रो घर पूरै ध्वस्त थियो। किताब, कपि, ड्रेस सबै माटामुनि थिए। त्यसपछि न पढ्न सकेकी छु, न गृहकार्य गर्न सकेकी छु। अब हामी कहाँ जाने, कहाँ बस्ने, के खाने? कसरी पढ्ने? के हामी नागरिक होइनौं? के राज्य हाम्रो होइन?"*
>
> - प्रतिनिधिमण्डलसँग पीडा पोख्दै एक स्कूले बालिका

एम्नेस्टी इन्टरनेनसल नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), जुरी नेपाल, सामुदायिक आत्मिनिर्भर सेवा केन्द्र (सिएसआरसि) र नेपाल महिला एकता समाज सम्मिलित एक प्रतिनिधिमण्डलले मिति २०८१ असार २८ देखि ३० गतेका बीच कैलाली र कञ्चनपुर जिल्लाका धनगढी उपमहानगरपालिका, भजनी नगरपालिका, गोदावरी नगरपालिका र भिमदत्त नगरपालिका क्षेत्रमा लामो समयदेखि बसोबास गरिरहेका भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीहरूलाई उनीहरूको बासस्थानबाट जबर्जस्ती निष्कासन गरिएका घटनाहरू, थप निष्कासनको त्रासको बिद्यमानता र उठीबासबाट पीडित नागरिकहरूको अवस्थाको बारेमा स्थलगत अनुगमन गरेको छ।

अनुगमनका क्रममा स्थानीय सरकारका अधिकारीहरू, वन कार्यालयका अधिकारीहरू, स्थानीय अधिकारकर्मीहरू, मानवअधिकार आयोग, राजनीतिक दलका प्रतिनिधि, पत्रकार, पीडित समुदाय लगायतका विभिन्न सरोकारवाला पक्षहरूसँग भेटघाट, छलफल र बिमर्शहरू गरी पीडितहरूको अवस्था तथा उठीबासको प्रभाव लगायतका बिषयमा तथ्यहरू सङ्कलन गरेको छ। साथै निष्कासन गरिएको क्षेत्रहरूको पनि स्थलगत अवलोकन गरिएको छ।

धनगढी उपमहानगरपालिका पुरानो एयरपोर्ट क्षेत्रको बस्तीसबाट निष्कासित गरिएका १३ परिवारमध्ये नौ परिवार र डिभिजन वन कार्यालय भजनीको सक्रियतामा सामुदायिक वन तथा आसपासको क्षेत्रबाट जबर्जस्ती निष्कासन गरिए पश्चात पनि आवासको विकल्प नभएर त्यसै क्षेत्रमा पाल टाँगेर आश्रय लिएर बसेका सय बढी परिवारहरू आवासविहीनता, खाद्य असुरक्षा र स्वास्थ्य समस्या लगायतका मानवीय सङ्कटको अवस्थामा रहेको प्रतिनिधि मण्डलले पाएको छ।

जबर्जस्ती निष्कासनबाट पीडित हुनेहरूमा अधिकांश दलित तथा थारू लगायतका आदिवासी समुदायका नागरिकहरू रहेको र पीडित भएकामध्ये पनि सुत्केरी तथा गर्भवती अवस्थाका महिला, स्कूले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू गम्भीर मानसिक त्रास र पीडा भोग्न बाध्य भएको पाइएको छ। यतिसम्मकी बासिन्दाहरूले बर्षाका लागि भनी जेनतेन जोहो गरी राखेको खाद्यान्न, लत्ताकपडा, स्कूले बालबालिकाको पुस्तक, पोशाक, झोला, बिरामी अशक्तहरूको औषधि, कानुनी पहिचान खुलाउने महत्त्वपूर्ण दस्तावेजहरूसमेत सुरक्षित गर्ने अवसर प्रदान नगरी नष्ट गरिएको पाइएको छ। अधिकाँश बस्तीहरू काम गर्ने उमेरका महिला र पुरूषहरू मजदुरीमा निस्किएका बेला र बस्तीमा महिला, बालबालिका, अशक्त र ज्येष्ठ नागरिक मात्र रहेको समयमा जबर्जस्ती निष्कासनको कार्य गरिएकोबाट पीडितहरू थप पीडामा रहेको पाइयो।

भजनीमा उठीबास लगाएपछि पनि अरु कुनै विकल्प नभएर त्यहीं आश्रय लिएर बसेको अवस्था विद्यमान हुँदा हुँदै पनि उठीबास लगाएको क्षेत्रमा वन कार्यालयले तारबार लगाउने र बृक्षारोपण गर्ने कामलाई अगाडि बढाइरहेको देखिएको छ। जसबाट बासिन्दा र प्रहरी तथा वन कार्यालयका कर्मचारीहरूको बीचमा तनावपूर्ण अवस्था सृजना भएको देखिन्छ। बासिन्दाहरूलाई धरपकट गर्ने, उनीहरूलाई दबाबमा राख्न र चुप लगाउन स्वेच्छाचारी तवरमा गिरफ्तार गर्ने, नियन्त्रणमा लिने, फौजदारी अपराधको त्रास देखाई जबर्जस्तीपूर्वक बस्ती छोड्न करकापपूर्ण कागज गराउने लगायतका कार्य गरेको गुनासो पनि अनुगमनको क्रममा प्रतिनिधिमण्डलले प्राप्त गरेको छ।

धनगढी उपमहानगरपालिकाले निष्कासन गरे पश्चात पनि आवासको अन्य विकल्प नभएर त्यसै ठाउँमा पाल टाँगी आश्रय लिँदै आएका नागरिकहरूलाई पटक पटक नगर प्रहरी आएर त्यो ठाउँ छाड्ने धम्की दिने गरेको र उनीहरू गम्भीर मानसिक त्रास र जीवन निर्वाहको चरम सङ्कटमा रहेको पाइयो।

प्रतिनिधि मण्डलले भेटेर कुरा गरेका बासिन्दाहरू वि.सं. २०५९ र २०६४ सालदेखि बसोबास गर्दै आएको, उनीहरूले स्थानीय सरकारकै सिफारिसमा भूमिहीन सुकुम्बासीको पहिचान खुल्ने निस्सा प्राप्त गरेको, कतिपय बसोबास गर्दै आएको जमिनको चारकिल्ला प्रमाणित समेत गरिएको कागजी प्रमाण, पानी, बिजुली, फोहरमैला सङ्कलन लगायत सेवा सुविधाको कागजी प्रमाण स्थानीय सरकारले उपलब्ध गराएको देखियो र बासिन्दाहरूको भूमि तथा आवास सम्बन्ध स्थापित रहेको पाइयो।

अनुगमनकै क्रममा गत वर्ष जबर्जस्ती निष्कासनमा पारिएकामध्ये गोदावरी नगरपालिकाको चौकीडाँडाका बादीलगायत दलित समुदायका १९ परिवारसँग पनि छलफलका क्रममा पीडितहरू आवासविहीन भई चरम मानवीय सङ्कटको अवस्थाबाट गुज्रिरहेको पाइयो। स्थानीय लगायतका कुनै पनि सरकारी निकायले उनीहरूको सुरक्षित आवास लगायत यथोचित संरक्षणको दायित्व पूरा नगरेको पाइयो। साथै कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं १८ गौरादेवीमा रहेका भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीहरू जबर्जस्ती निष्कासनको त्रासमा रहेका गुनासो प्राप्त हुन आयो।

**प्रतिनिधिमण्डलको प्रारम्भिक धारणा तथा सुझाव**

- उठीबासका लागि जिम्मेवार अधिकारीहरूले बस्ती छाड्नका लागि पटक पटक सूचना जारी गरेको भन्ने बाहेक निष्कासनपूर्व, निष्कासनको क्रममा र निष्कासन पश्चातको समयमा पूरा गर्नुपर्ने कुनै पनि कानुनी शर्तहरूको पालना गरिएको पाइएन। विपद्बाट जनतालाई जोगाउनु पर्ने, विपद्मा परेकालाई उद्धार गर्नु पर्ने जिम्मेवारी राज्यको हो। मानव वासस्थान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत संरक्षित छ। कसैलाई पनि विकल्प विना मानव वासस्थानबाट निष्कासन गर्न पाइँदैन। नागरिकको जीउ धनको संरक्षण गर्ने अन्तिम अभिभावकीय जिम्मेवारी वहन गरेको राज्य आफैँले नागरिकको जीवनमा मानवीय सङ्कट पैदा गर्ने र विपतमा धकेल्ने काम शान्तिपूर्ण मात्र हैन युद्ध तथा सङ्कटकालकै अवस्थामा पनि अक्षम्य हुन्छ। तसर्थ विकल्पविहीन निष्कासन गम्भीर मानवअधिकार उल्लङ्घन हो। यस्तो कार्य राज्य वा गैर राज्य पक्ष जोसुकैले गरेपनि फौजदारी कसुरजन्य कार्य भै दण्डको भागिदार हुन्छ।
- बस्तीभित्रको मानवीय विविधता, संवेदनशीलता, मानवीय आवश्यकताप्रति आँखा चिम्लेर घर टहरा भत्काउने वा संरचना हटाउने हिसाबले मात्रै यसलाई हेर्नु सर्वथा गलत हो। नेपाल सरकारले अब आइन्दा कोही पनि भूमिहीन सुकुम्बासीलाई विकल्पविहीन उठीबास नलगाउने कुरा सुनिश्चित गर्ने गरी क्याबिनेटबाट पहिलो निर्णय गरोस्। त्यस निर्णयको कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहसँगको समन्वयमा आवश्यक नीति, कार्यक्रम र निर्देशिका बनाएर यथाशीघ्र लागू गरोस्।
- सार्वजनिक सम्पत्ति तथा वातावरण संरक्षण निश्चय पनि महत्त्वपूर्ण छ। यो सबै तहका सरकारहरूको कानुनी कर्तव्य पनि हो। तर एकांकीरूपमा यसलाई बुझ्नुहुँदैन। यसलाई मानवअधिकार र सामाजिक न्यायको सापेक्षतामा बुझ्नुपर्छ।
- मानवअधिकारको केन्द्रीय विषय भनेको प्रत्येक व्यक्तिको "मानवीय मर्यादा" नै हो। यसलाई निस्तेज पार्ने गरी गरिने क्रियाकलापको औचित्य स्थापित हुँदैन। जहाँ मौलिक हकको विषय जोडिएको हुन्छ त्यहाँ कानुनहरूको समुच्च व्याख्या तथा बुझाइका आधारमा निर्णयमा पुग्नुपर्ने हुन्छ। वन ऐन, स्थानीय प्रशासन ऐन वा स्थानीय

सरकार सञ्चालन ऐन वा अन्य कुनै कानुनी प्रबन्धको एकांकी बुझाइ र व्याख्याका आधारमा नागरिकलाई आवास तथा जिवीकोपार्जनको आधिकारबाट विमुख पार्ने कार्य गर्न मिल्दैन।

- वासस्थानको सुरक्षाबिना शान्तिपूर्ण र सम्मानजनक मानवीय जीवनयापनको कल्पना गर्न सकिँदैन। चरम गरिबी, भूमिहीनता, बेरोजगारी, प्राकृतिक बिपत्ति, हिंसा, विभेद र बहिष्करणलगायतका बहुआयामिक कारणहरूले सुरक्षित आवासको जोहो गर्न नसकेका पीडित लगायतका जनसङ्ख्याका लागि प्राथमिकतामा राखेर सुरक्षित आवास सुनिश्चत गर्ने राज्यको दायित्वबाट कुनै पनि बहानामा राज्य पन्छिन मिल्दैन।
- विकल्पविहीन उठिवासका कारण नेपालको संविधानको धारा १६ (सम्मानपूर्वक बाँच्न पाउने हक), धारा १८ (अविभेद र समानताको हक), धारा २५ (सम्पत्तिको हक), धारा ३६ (खाद्य अधिकार), धारा ३७ (आवासको हक), धारा ४० (दलितको भूमि र आवासको हक), धारा ४२ (सामाजिक न्यायको हक), धारा ४३ (सामाजिक सुरक्षाको हक), प्रस्तावनामा प्रतिबिम्बित "समाजवाद", "दिगो विकास" र "समतामूलक समाज निर्माण गर्ने" संवैधानिक अभिष्ट समेत उल्लङ्घन हुन्छ।
- आवासको हकको संवैधानिक प्रत्याभूतिलाई कार्यान्वयन गर्न बनेको आवासको अधिकारसम्बन्धी ऐन, २०७५ को दफा ३(१) र (३) ले आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व तीनै तहका सरकारले पालना गर्नुपर्ने गरी बाध्यकारी व्यवस्था गरेको छ । ऐनको दफा ३ (ख) अन्तर्गत "आवासको अभावमा जीवन जोखिममा रहने खतराबाट सुरक्षित रहने" अधिकार प्रत्याभूत छ। विकल्पविहीन उठीवासले आवासको अभावमा जीवन जोखिममा रहने खतरा नै सिर्जना गरेको देखिएको छ। साथै दफा ५(४) ले पूर्वपरामर्श, पूर्वसूचना सम्प्रेषण, हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान, हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारीको रोहवर, समयको उपयुक्तता तथा ज्येष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असहाय, अशक्त, गर्भवतीलाई उचित ध्यान दिएर मात्रै निष्कासनको प्रक्रिया अगाडि बढाइने प्रत्याभूति दिएको छ। तथापि आवासविहीनताको जोखिम सिर्जना गर्ने गरी गरिएको निष्कासनको कार्यले यी कानुनी प्रत्याभूतिहरूको उल्लङ्घन हुन पुगेको छ।
- ऐनको दफा ७ अन्तर्गत सुरक्षित आवसको जोहो आफैं गर्न नसक्नेलाई आवासको प्रबन्ध गरिदिनु राज्यको प्राथमिक दायित्व रहेको सन्दर्भमा उक्त दायित्व पूरा गर्न तत्काल नसकेपनि जीविकोपार्जनका रणनीतिको रूपमा सार्वजनिक वा सरकारी जग्गामा आश्रय लिएर बसेका नागरिकको अवस्थालाई थप नाजुक पार्ने गरी कुनै हस्तक्षेप गर्ने वा उठीबास लगाउने कार्य गर्न राज्यले गर्न हुँदैन। खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ को दफा ४० (ङ) ले "जीविकोपार्जनको आधारबाट विमुख पार्ने गरी आवासविहीन बनाएमा" दण्डनीय कसुर मानिने व्यवस्था गरेको छ। साथै दफा ४२ ले यस्तो कसुर गर्ने जोसुकैलाई पाँच वर्ष कैद र पाँच लाखसम्म जरिवाना हुने व्यवस्था गरेको छ। उल्लिखित विकल्पविहीन निष्कासनका घटनाहरूको सन्दर्भमा यो दण्डनीय प्रबन्ध आकर्षित हुन सक्नेतर्फ सम्बन्धित सबै सचेत र जिम्मेवार हुन ध्यानाकर्षण गरिन्छ।

**प्रतिनिधिमण्डल**

राजु प्रसाद चापागाई, स्वतन्त्र विज्ञ
निराजन थपलिया, एम्नेस्टी इन्टरनेसनल नेपाल
कृष्ण बहादुर विश्वकर्मा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
विष्णु प्रसाद पोखेल, जुरी नेपाल
सुष्मा न्यौपाने, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसि)
बसन्ती सुनार, नेपाल महिला एकता समाज